# राप्ती सोनारी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

प्रदेश नं. ५, नेपाल

## कर्मचारी करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति : २०७६/०३/०४ गते)

यस गाउँपालिकाको लागि गरिव घरपरिवार पहिचान तथा परिचय-पत्र वितरण कार्यक्रमका लागि पदहरुमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन (मिति २०७६/०३/१० गते) सम्म कार्यालय समय भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको दरखास्त फाराम कार्यालयबाट उपलब्ध हुनेछ ।

**तपसिल**

| वि.नं. | पद | संख्या |
|---|---|---|
| १-०७५/०७६ | गणक | ९ (नौ) |
| २-०७५/०७६ | सुपरिवेक्षक | १ (एक) |

१. **शैक्षिक योग्यता र अनुभव :**

१) न्यूनतम शैक्षिक योग्यता :

क) सुपरिवेक्षक पदको लागि

- नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थ शास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उतीर्ण गरेको र कम्प्यूटर सम्बन्धि आधारभूत ज्ञान भएको।
- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- सम्बन्धित स्थानीय तहको बासिन्दालाई प्राथमिकता दिइने छ ।

ख) गणक पदको लागि

- नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा जनसंख्या वा अर्थ शास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाण-पत्र तह वा सो सरह उतीर्ण गरेको र कम्प्यूटर सम्बन्धि आधारभूत ज्ञान भएको।
- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- सम्बन्धित स्थानीय तहको बासिन्दालाई प्राथमिकता दिइने छ ।

२. आवेदन शुल्क :

क) सुपरिवेक्षक पदको लागि रु. ३५०/- (तीन सय पचास) ।

ख) गणक पदको लागि रु. ३००/- (तीन सय) ।

३. छनौट प्रक्रिया :

क) Shortlist मा छनौट भएका उम्मेदवारहरुलाई कम्प्यूटर प्रयोगात्मक तथा अन्तरवार्ताका लागि बोलाइने छ ।

४. दरखास्तमा संलग्न गर्नुपर्ने : उम्मेदवारको व्यक्तिगत विवरण, पासपोर्ट साइजको ३ (तीन) प्रति फोटो, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, आधारभूत कम्प्यूटर तालिम प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि संलग्न गरी पेश गर्नु पर्ने छ।

५. सम्पर्क मिति/स्थान: २०७६/०३/११ गते दिनको १२:०० वजे गाउँपालिकाको कार्यालय ।

**(नोट : थप जानकारीको लागि कार्यालय समय भित्र ९८५८०६०१४५ मा सम्पर्क राख्नु होला )**

प्रमुख प्रशासकीय अधिकृत